# १३ येशूको आगमनको निम्तिहामी कसरी पर्खिने?

<u>*यस अध्यायका मूल पदहरू:*</u> मत्ती २४:३५-२५,२६, २ पत्रुस ३, याकूब २:१४-२६, यूहन्ना ४:३५-३८, १ कोरन्थी ३:६-८ र प्रकाश २१:१-४।

<u>*यस अध्यायको स्मरण गर्नपर्न मूल सार पद:*</u> **"तिम्रो हृदयमा दनदन बलिरहेको आत्मज्ञानको आगोलाई कहिलै पनि निभ्न नदेऊ। त्यसलाई बालि राख। परमेश्वरको सेवा गर। जब तिमीमा आशा पल्हाइरहन्छ तब आनन्दित होऊ। जब तिमी दु:खकष्ट पाउँछौं तब धैर्यधारण गर। जब तिमी प्रार्थना गर्छौं विश्वासमा दऱ्हो होऊ। तिमीहरूमा भएका थोकहरू आवश्यक परेका परमेश्वरका जनहरूलाई बाँड। अरू मानिसहरूलाई तिमीहरूले अतिथि सत्कार गर्दै स्वागत गर्नु" (रोमी १२:११-१३ रूपान्तरित)।**

;g\ 1906df cd/रिकाको क्यालिफोर्निया राज्यको प्रशिद्ध सहर सान फ्रान्सिस्को ठूलो बिनासकारी भुकम्प गएको थियो। त्यो भुकम्प जानु भन्दा पहिले सान फ्रान्सिस्को र ओकल्यान्ड सहरहरूमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चहरू अत्यन्त व्यस्त थिए। ती चर्चका सदस्यहरू गरिब र बिरामीहरूकहाँ जाने र सेवा गर्ने काममा संलघ्न थिए। तिनीहरूले टुहुराटुहुरीहरूको निम्ति आश्रय स्थानहरूको स्थापना गरे र बेरोजगारीहरूलाई खाना ख्वाउन व्यस्त भए। तिनीहरूले बिरामीहरूको हेरचाह गरे र घरघरमा गएर बाइबल सिकाए। चर्चका सदस्यहरूले येशूको बारेमा पर्चाहरू छापेर बितरण गरे र स्वस्थ जीवनशैलीको निम्ति कक्षाहरू संचालन गरे। लाग्वना भन्ने स्थानको सडकमा रहेको सार्वजनिक भवनको मुनी रहेको कोठाहरूमा रहेका बालबालिकाहरूको निम्ति खोलिएको स्कुललाई चर्चहरूले सहयोग गरेका थिए। चर्चले श्रम जीविहरूको निम्ति र मेडिकल मिसनको निम्ति घर बहालमा लिएका थिए र चर्चहरूले त्यहाँ विभिन्न क्रियाकलापहरू संचालन गरेका थिए। सहरमा स्वस्थ खानाहरू बेच्ने पसल पनि खोलेको थियो र साकाहारी रेस्टुराँ पनि खोलेको थियो। चर्चका सदस्यहरू मिलेर स्थानीय समुद्रको किनारामा रहेका जहाजहरूमा सुसमाचार प्रचार गर्न थालेका थिए। अनि चर्चका अगुवा तथा पास्टरहरूले ठूला ठूला सार्वजनिक सभागृहहरूमा सुसमाचार प्रचारका कार्यक्रमहरू बेलाबेलामा आयोजना गरेका थिए। तर जब भुकम्प गयो चर्चहरूले गरेका ती सबै अतिरिक्त क्रियाकलापहरू

धरासयी हुन पुगे। सहरहरूबाट विश्वासीहरू गाउँघरमा सर्नेक्रममा सहरमा गरिएका कार्यक्रमहरू स्थगित भएको थियो।

ती चर्चहरूलाई माहुरीहरूको घर भनेर एलेन जी ह्वाइटले सम्बोधन गरेकि थिइन्। तिनीहरूका कामहरूदेखेर उनी अत्यन्त उत्साहित भएकी थिइन्। येशूको दोस्रो आगमनको निम्ति प्रतिक्षामा रहेका हामीहरू पनि कस्तो कामहरूमा व्यस्त हुनुपर्छ भनेर भुकम्प जानु अघि ती सहरहरूमा ती चर्चहरूले गरेका क्रियाकलापहरूलाई नमुनाको रूपमा लिएर अघि बढ्न जरुरी छ। प्रभु येशू आउनुहुँदैछ। त्यो कुरा हामी सबैलाई थाहा छ। तर हामीले सोच्नुपर्ने अत्यन्त महत्त्वपूर्ण बिषय त यो होः जब हामी येशूको आगमनको प्रतिक्षामा छौं तब हामीहरूले के गरिरहेका छौं? मानिसहरूको भविष्य त्यस प्रश्नको जवाफमा भरपर्छ।

## १. जब हामी येशूको आगमनको निम्ति पर्खेर बस्छौं (मत्ती २४:३६-२५:४६)

झलक्क घामले टल्किएको यरुशलेमको मन्दिरको छानो देखेर एका बिहानै चेलाहरूले त्यसको मुग्धकण्ठले प्रसंसा गरिरहेका थिए। त्यस मानव निर्मित मन्दिरप्रतिको मोहबाट इसाई चर्चको भविष्य र संसारको अन्तमा हुने घट्नाहरूतिर येशूले तिनीहरूको ध्यान आकर्षित गर्नुभएको थियो। उहाँले चेलाहरूलाई यो तितो सत्य प्रश्नको रूपमा खडा गराउनुभयोः "तिमीहरूले ती सबै थोक के देखिरहेका छौ? म के भन्न गइरहेको छु सो सत्य भन्न गइरहेको छु।तिमीहरूले देखेका मन्दिरका ढुङ्गाहरू एकमाथि अर्को हुनेछैन। त्यो मन्दिर यस्तरी भत्किने छ कि प्रत्येक ढुङ्गा त्यहाँबाट तितरबितर हुनेछ।" (मत्ती २४:२ रूपान्तरित)। येशूले आफ्नो आगमनको बारेमा भविष्यवाणी गर्नुभएको थियो भनेर विश्वास गर्दै छक्क भएका ती चेलाहरूले उहाँलाई सोधेः "त्यो कहिले हुनेछ? तपाईंको आउनुहुँदा पहिले कस्ता कस्ता चिन्हहरू हुनेछन्? संसारको अन्त हुनु लागेको छ भनेर हामीले कसरी थाहा पाउने?" (मत्ती २४:३ रूपान्तरित)। आफ्नो आगमनभन्दा अघि यस संसारमा के के हुनेछ सो को अपेक्षा गर्न येशूले तिनीहरूलाई भन्नुभएको भविष्यवाणी मत्ती २४:४-३१मा यसरी उल्लेख गरिएको छः "४ तब येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "होशियार रहो, कसैले तिमीहरूलाई भ्रममा नपारोस्। ५ किनभने धेरै जना मेरो नाउँमा "म ख्रीष्ट हुँ" भन्दै आउनेछन्, र धेरैलाई बहकाउनेछन्। ६ तिमीहरूले युद्धहरू र युद्धहरूका हल्ला सुन्नेछौ। नघबराओ, किनकि यी हुनु आवश्यक नै छन्, तर

अन्त्य त त्यत्ति नै बेला हुँदैन। ७ किनभने जातिको विरुद्धमा जाति, र राज्यको
विरुद्धमा राज्य उठ्नेछ, र ठाउँ-ठाउँमा अनिकाल र भूकम्प हुनेछन्। ८ तर यी
सब त प्रसववेदनाको सुरु मात्र हो। ९ "तब तिनीहरूले तिमीहरूलाई सङ्कष्टको
लागि सुम्पिदिनेछन्, र तिमीहरूलाई मार्नेछन्, र मेरो नाउँको खातिर सबै
जातिहरूले तिमीहरूलाई घृणा गर्नेछन्। १० तब धेरै जना भड्केर जानेछन्, र
ठेस खानेछन्, र एउटाले अर्कालाई विश्वासघात गरेर सुम्पिदिनेछ र घृणा गर्नेछ।
११ धेरै झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र धेरैलाई बहकाउनेछन्। १२
दुष्टता बढ़ेको हुनाले धेरैको प्रेम सेलाएर जानेछ। १३ तर आखिरसम्म स्थिर
रहनेचाहिँ बचाइनेछ। १४ अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै
जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ।
१५ "यसकारण जब तिमीहरूले दानिएल अगमवक्ताबाट बोलिएको विनाशकारी
घृणित थोक पवित्रस्थानमा खड़ा भएको देखौला (पाठकले बुझोस्), १६ तब
यहूदियामा हुनेहरू पहाड़हरूतिर भागून्। १७ कौसीमा हुनेहरू आफ्ना घरमा
भएका सामान निकाल्नलाई तल नझरून्। १८ खेतबारीमा हुने आफ्नो खास्टो
लिन फर्की नआऊन्। १९ हाय! गर्भवतीहरू र दूध खुवाउनेहरूलाई ती
दिनमा। २० तर हिउँदमा वा शबाथमा तिमीहरू भाग्न नपरोस् भनी प्रार्थना
गर। २१ किनकि त्यस बेला यस्तो महासङ्कष्ट हुनेछ, जो जगत्को सुरुदेखि
अहिलेसम्म भएको छैन, न त फेरि कहिल्यै हुनेछ। २२ ती दिन नघटाइएका
भए कोही मानिस बाँच्न सक्नेथिएन, तर चुनिएकाहरूका निम्ति ती दिन
घटाइनेछन्। २३ तब तिमीहरूलाई कसैले "हेर, ख्रीष्ट (उद्धारकर्ता वा मसीह)
यहाँ छन्, कि त्यहाँ छन्" भन्यो भने विश्वास नगर। २४ किनकि झूटा ख्रीष्टहरू,
र झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र हुन सके चुनिएकाहरूलाई पनि
भड्काउनलाई ठूला-ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन्। २५
याद राख, मैले तिमीहरूलाई अघिबाटै भनिदिएको छु। २६ "यदि तिनीहरूले
तिमीहरूलाई "हेर, उनी उजाड-स्थानमा छन्" भनी भन्छन् भने बाहिर निस्केर
नजाओ। अनि "हेर, उनी भित्री कोठाहरूमा छन्" भने पनि विश्वास नगर। २७
किनकि जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै
मानिसको पुत्रको आगमन हुनेछ। २८ जहाँ सिनु हुन्छ, त्यहाँ गिद्धहरू पनि
जम्मा हुन्छन्। २९ "ती सङ्कष्टका दिनको तुरुन्तै पछि, सूर्य अँध्यारो हुनेछ, र
चन्द्रमाले आफ्नो चमक दिनेछैन, र ताराहरू आकाशबाट खस्नेछन्, तथा
आकाशका शक्तिहरू हल्लाइनेछन्। ३० तब मानिसको पुत्रको चिन्ह आकाशमा

देखा पर्नेछ, र पृथ्वीका सब जातिहरू विलाप गर्नेछन्, र तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्।
३१ उसले आफ्ना स्वर्गदूतहरूलाई तुरहीको ठूलो आवाजको साथ पठाउनेछ, र तिनीहरूले आकाशको एक छेउदेखि अर्को छेउसम्म चारै दिशाबाट उसका चुनिएकाहरूलाई भेला गर्नेछन्।"

संसारको अन्त्यको भविष्यवाणी गर्ने क्रममा येशूले चेलाहरूलाई यो सतर्क गराउनुहुन्छ "तर ती सबै संकष्टहरू आयो भन्दैमा संसार अन्त हुन्छ भन्ने छैन..ती सबै त प्रसव वेदनाको सुरूमात्रै हो...तर जब राज्यको सुसमाचार सारा संसारमा फैलिन्छ र सारा संसारले त्यो सुसमाचारको शक्ति विश्वासीहरूमा परेको प्रभाव तिनीहरूको जीवनशैलीबाट देखिनेछ तब अन्त हुनेछ" (मत्ती २४:६,८,१४ रूपान्तरित)।

संसारको अन्तमा हुने अनेकौं चिन्हहरूको बारेमा काल्पनिक भनेर होइन यथार्थ हो भनेर गम्भिररूपमा लिन चेलाहरूलाई मत्ती २४को प्रथम ३५ पदहरूमा सम्बोधन गर्नुभएको थियो। साथै यस संसारको अन्तको निम्ति कसरी हामी पर्खिने भनेर पनि उहाँले भन्नुभएको थियो (मत्ती २४:३)। अर्को व्याख्यामा भन्नुपर्दा संसारको अन्त हुन्छ भनेर हात बाँडेर नबस्न येशूले भन्नुभएको थियो जसरी हामी बसको प्रतिक्षामा प्रतिक्षालयमा बस्दा पर्खेर बस्छौं। अहँ, संसारको अन्त हुन्छ र हामी मरिहाल्छौं भनेर समय खेर फाल्न हामीबाछ अपेक्षा गरिएको छैन तर उहाँ आउनुभन्दा अघि उहाँलाई पर्खन्दै गर्दा हामीलाई धेरै काम दिइएको छ।

येशूले अर्तीकथाहरू मार्फत उहाँलाई पर्खन्दै गर्दा हामीहरूले के गरेर बस्नुपर्छ भनेर मत्ती २४:३२-२५:४६मा चर्चा गर्नुभएको थियो। त्यहाँ येशूले भन्नुभएको सही अर्थ के हो? अनि अर्को, हामीहरू आफैलाई र चर्चको हैशियतले येशूका ती अर्तीकथाहरू केवल पुराण भनेर पन्छाएर बस्ने कि त्यसलाई चरितार्थ अर्थात् व्यवहारमा उतारेर बस्ने? सोच्नुहोस्। पढ्नुहोस् ती अर्तीकथाहरू: "३२ "तर अञ्जीरको रूखबाट एउटा शिक्षा लेओः जब त्यसका हाँगा कलिला हुन्छन् र रूखले पालुवा फेर्छ, तब ग्रीष्म ऋतु आएछ भनी तिमीहरू थाहा पाउँछौ। ३३ त्यसरी नै तिमीहरूले पनि जब यी सबै कुरा भएका देख्नेछौ, तब ऊ नजिकै, ढोकामै छ भनी जान। ३४ साँच्चै, म तिमीहरूलाई भन्दछु, कि यी सबै पूरा नहोउञ्जेल यो पुस्ता बितिजानेछैन। ३५ स्वर्ग र पृथ्वी बितेर जानेछ, तर मेरा वचन बितेर जानेछैनन्। ३६ तर त्यस

दिन र घड़ीको विषयमा पिताबाहेक कसैले जान्दैन, न त स्वर्गका दूतहरूले, न पुत्रले। ३७ मानिसको पुत्रको आगमन नोआको दिनहरूजस्तै हुनेछ। ३८ किनकि जसरी जलप्रलयभन्दा अगाडि नोआ जहाजभित्र पस्ने दिनसम्म, मानिसहरू खाइरहेका, पिइरहेका र विवाहबारी गरिरहेका थिए, ३९ अनि जलप्रलय आएर तिनीहरू सबैलाई स्वात्तै बगाइ नलगेसम्म तिनीहरूले थाहा पाएनन्। मानिसको पुत्रको आगमन पनि त्यस्तै हुनेछ। ४० त्यस बेला दुई जना खेतबारीमा हुनेछन्, एक जना लगिनेछ, अर्को छोडिनेछ। ४१ दुई स्त्रीहरू जाँतो पिँधिरहेका हुनेछन्, एउटी लगिनेछ, अर्की छोडिनेछ। ४२ यसकारण जागा रहो, किनकि कुन दिन तिमीहरूको प्रभु आउनेछ, सो तिमीहरूले जान्दैनौ। ४३ तर यो जान, कि घरको मालिकले चोर रातको कुन पहरमा आउँछ भनी जानेको भए, ऊ जागो रहनेथियो, र आफ्नो घर फोर्न दिनेथिएन। ४४ यसकारण तिमीहरू पनि तयार रहो, किनकि मानिसको पुत्र तिमीहरूले नचिताएको बेलामा आउनेछ। ४५ विश्वासी र बुद्धिमान् नोकर को हो, जसलाई त्यसको मालिकले आफ्ना परिवारका चाकरहरूलाई ठीक-ठीक समयमा खान देओस् भनी खटाएको हुन्छ? ४६ त्यो नोकर धन्य हो, जसलाई मालिक आउँदा त्यसै गरिरहेको भेट्टाउनेछ।" र मत्ती २५ "१ तब स्वर्गको राज्य दश कन्याहरूसँग तुलना गर्न सकिन्छ। तिनीहरूले आ-आफ्नो बत्ती लिएर दुलहालाई भेट्न निस्के। २ तीमध्ये पाँच जना निर्बुद्धि र पाँच जनाचाहिँ बुद्धिमती थिए। ३ किनकि जब निर्बुद्धिहरूले आफ्ना बत्ती लगे, तब तिनीहरूले साथमा तेलचाहिँ लगेनन्। ४ तर बुद्धिमतीहरूले चाहिँ आफ्ना बत्तीसँगसँगै पात्रमा तेल पनि लगे। ५ दुलहाले बियाँलो गर्दा ती सबै निद्राले लट्ठ भए र निदाए। ६ तर मध्यरातमा "हेर दुलहा, उनलाई भेट्न आओ, "भन्ने आवाज आयो। ७ तब ती सबै कन्याहरू ब्यूँझे, र आफ्नो-आफ्नो बत्ती ठीकठाक पारे। ८ निर्बुद्धि कन्याहरूले बुद्धिमतीहरूलाई भने, "तिमीहरूको तेलबाट हामीलाई अलिकता देओ, किनभने हाम्रा बत्ती त निभ्न लागे।" ९ तर बुद्धिमतीहरूले यसो भनेर जवाफ दिए, "हामी र तिमीहरू दुवैलाई पुग्ने यथेष्ट तेल छैन होला, बरु पसलेकहाँ जाओ र आफ्नो लागि किन।" १० तिनीहरू किन्न जाँदा दुलहा आइपुगे, र तयार हुनेहरू उनीसँग विवाहको भोजमा भित्र पसे, र ढोका बन्द भयो। ११ पछिबाट ती अरू कन्याहरू आइपुगे र यसो भन्न लागे, "प्रभु, प्रभु, हाम्रा लागि खोलिदिनुहोस्! "१२ तर उनले (दुलहा) जवाफ दिएर भने, "साँच्चै, म तिमीहरूलाई भन्दछु, म तिमीहरूलाई चिन्दिनँ।" १३ यसकारण जागा रहो,

किनकि त्यो दिन र त्यो घड़ी तिमीहरूलाई थाहा छैन। १४ किनकि योचाहिँ कुनै मानिसजस्तो हो, जसले परदेश जाँदा आफ्ना नोकरहरूलाई बोलाई आफ्नो धन-सम्पत्ति तिनीहरूलाई जिम्मा दिए। १५ तिनले हरेकलाई तिनीहरूका आ-आफ्नो योग्यताअनुसार एउटालाई पाँच सुनका सिक्का, अर्कालाई दुई र अर्कालाई एक दिएर तिनी गइहाले। १६ तब पाँच सुनका सिक्का पाउनेले तुरुन्तै गएर त्यो व्यापारमा लगाईकन अरू पाँच सिक्का कमायो। १७ त्यसरी नै दुई सिक्का पाउनेले पनि अरू दुई कमायो। १८ तर एक सिक्का पाउनेले चाहिँ गएर भूइँ खनेर आफ्ना मालिकको धन लुकाइराख्यो। १९ धेरै दिनपछि ती नोकरहरूका मालिक आए, र तिनले तिनीहरूसँग हिसाब मागे। २० तब पाँच सुनका सिक्का पाउने नोकरले अरू पाँच सिक्का ल्याई अगाडि आएर यसो भन्यो, "हजूर, तपाईंले मलाई पाँच सिक्काको जिम्मा दिनुभएको थियो। हेर्नुहोस्, मैले अरू पाँच सिक्का कमाएको छु।" २१ मालिकले त्यसलाई भने, "स्याबास, असल र विश्वासी नोकर! तिमी थोरै कुरामा विश्वासी भयौ, अब म तिमीलाई धेरै कुराको जिम्मा दिनेछु। तिमी आफ्ना मालिकको खुशीमा सहभागी हो।" २२ दुई सिक्का पाउनेले पनि आएर भन्यो, "हजूर, तपाईंले मलाई दुई सिक्का दिनुभएको थियो। हेर्नुहोस्, मैले अरू दुई सिक्का कमाएको छु।" २३ त्यसका मालिकले त्यसलाई भने, "स्याबास, असल र विश्वासी नोकर, तिमी थोरै कुरामा विश्वासी भयौ अब म तिमीलाई धेरै कुराको जिम्मा दिनेछु। तिमी आफ्ना मालिकको खुशीमा सहभागी हो।" २४ एक सुनको सिक्का पाउनेले पनि आएर भन्यो, "हजूर, नरोपेको जग्गाबाट कटनी गर्ने र ननिफनेको ठाउँबाट बटुल्ने तपाईं कठोर मानिस हुनुहुन्छ भन्ने मलाई थाहा थियो। २५ यसैले मलाई डर लाग्यो, र गएर तपाईंको सिक्का मैले माटोमुनि लुकाइराखें। हेर्नुहोस्, यो तपाईंको सिक्का लिनुहोस्।" २६ त्यसका मालिकले त्यसलाई जवाफ दिए, "ए दुष्ट, अल्छे नोकर, नरोपेको ठाउँमा कटनी गर्छु, र ननिफनेको ठाउँबाट बटुल्छु भनेर तिमीले जानेको थियौ भने, २७ तिमीले मेरो धन साहुकहाँ राख्नुपर्नेथियो, र आएर मैले मेरो धन ब्याजसमेत फिर्ता पाउनेथिएँ। २८ यसकारण त्यसबाट यो सिक्का खोस, र जससँग दश सिक्का छ त्यसलाई देओ। २९ किनभने जससँग छ त्यसलाई अरू दिइनेछ, र त्यससँग प्रशस्त हुनेछ। तर जससँग छैन त्यससँग भएको पनि त्यसबाट खोसिनेछ। ३० त्यस बेकम्मा नोकरलाई चाहिँ बाहिरी अन्धकारमा फालिदेओ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्।" ३१ जब मानिसको पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो

महिमामा आउनेछ, तब ऊ आफ्नो महिमामय सिंहासनमा बस्नेछ। ३२ र उसको सामुन्ने सबै जातिहरू भेला हुनेछन्, र जसरी गोठालाले भेड़ा र बाख्रालाई छुट्ट्याउँछ, त्यसरी नै उसले तिनीहरूलाई एउटालाई अर्काबाट अलग गर्नेछ। ३३ उसले भेड़ाहरूलाई आफ्नो दाहिनेपट्टि, र बाख्राहरूलाई देब्रेपट्टि राख्नेछ। ३४ तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछ, "आओ, मेरा पिताका धन्यका हो! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर। ३५ किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ। म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दियौ। म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दियौ। ३६ नाङ्गै थिएँ, तिमीहरूले मलाई वस्त्र लगाइदियौ। बिरामी थिएँ, तिमीहरू मलाई हेर्न आयौ। झ्यालखानमा थिएँ, तिमीहरू मकहाँ आयौ।" ३७ तब धर्मीजनहरूले उनलाई जवाफ दिनेछन्, "हे प्रभु, कहिले हामीले तपाईंलाई भोकाउनुभएको देख्यौं, र खान दियौं? अथवा तिर्खाउनुभएको देख्यौं, र पिउन दियौं? ३८ कहिले हामीले तपाईंलाई परदेशी देख्यौं, र तपाईंलाई आश्रय दियौं? अथवा नाङ्गो देख्यौं र वस्त्र लगाइदियौं? ३९ र कहिले हामीले तपाईंलाई बिरामी वा झ्यालखानमा देख्यौं, र तपाईंकहाँ आयौं? ४० "तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गऱ्यौ, त्यो तिमीहरूले मलाई नै गऱ्यौ।" ४१ त्यसपछि उनले देब्रेपट्टिका मानिसहरूलाई भन्नेछन्, "श्रापित मानिस हो! मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको अनन्तको आगोमा जाओ। ४२ किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दिएनौ। तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दिएनौ। ४३ म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दिएनौ। नाङ्गो थिएँ, र तिमीहरूले मलाई वस्त्र लगाइदिएनौ, बिरामी र झ्यालखानमा थिएँ, र तिमीहरू मलाई हेर्न आएनौ।" ४४ तिनीहरूले पनि यसो भनेर जवाफ दिनेछन्, "प्रभु, कहिले हामीहरूले तपाईंलाई भोकाएको वा तिर्खाएको देख्यौं, परदेशी वा नाङ्गो वा बिरामी देख्यौं, वा झ्यालखानमा देख्यौं, र तपाईंको सेवा गरेनौं? " ४५ तब उनले तिनीहरूलाई जवाफ दिनेछन्, "साँच्चै, म तिमीहरूलाई भन्दछु, यी सबैभन्दा सानाहरूमध्ये एक जनालाई जे-जति गरेनौ, त्यो तिमीहरूले मेरो निम्ति गरेनौ।" ४६ तब यिनीहरू अनन्त दण्डको भागी हुनेछन्, तर धर्मी जनहरू अनन्त जीवनमा प्रवेश गर्नेछन्।"

**येशूको आगमनको निम्ति सही रूपमा पर्खेर बस्ने उहाँका विश्वासी जनहरूको क्रियाकलापको रुपरेखा उहाँले उपरोक्त अर्तीकथा वा दृष्टान्तहरूबाट कोर्नुभएको थियो। उहाँको आगमनको पर्खाईको अवधिमा उहाँका विश्वासीहरू हरदम तयार भएर बस्नेछन्। जब तिनीहरू पर्खेर बस्छन् तब तिनीहरूले आफूमा भएको एकआर्काप्रति प्रेम र चासो देखाएर, हेरचाहा गरेर र अरूहरूलाई आदर गर्दै सक्रिय भएर बस्नेछन्। तिनीहरू चनाखो भएर बस्नेछन्, अगाडि आउने कुराहरूको निम्ति तयार हुनेछन् र आफ्नै आत्मिक अवस्थाको निम्ति जिम्मेवारी वहन गरेर बस्नेछन्। परमेश्वरले तिनीहरूलाई दिएको दक्षता, बरदानलाई तिनीहरूले थप्नेछन्। तिनीहरूसँग भएको पैसा र सिप परमेश्वरको कामको निम्ति लगानी गर्नेछन्। तिनीहरूको प्रेमिलो परमेश्वरको सही चरित्रको सराहना गर्नेछन् र आदर गर्नेछन्। अनि तिनीहरूले गरिब र बिरामीहरूको सेवा गर्नेछन्।**

## २ पुनर्जागरण र जीवनशैलीमा आमूल परिवर्तन (२ पत्रुस ३)

२ पत्रुस ३ अध्यायमा आत्मिक पुनर्जागरण र जीवनशैलीमा आमूल परिवर्तन वा सुधारको बारेमा सिकाइएको छ। हामीले अध्ययन गरिरहेको यस अध्ययन पुस्तिकाभरिका विषयस्तुहरूसँग उपरोक्त अध्यायसँग कतिको तालमेल छ? हेर्नुहोस् "१ प्रिय हो, तिमीहरूलाई लेखेको यो मेरो दोस्रो पत्र हो, र दुवै पत्रमा कति कुराको याद दिलाएर तिमीहरूका निष्कपट मनलाई उत्साहित गराएको छु, २ कि पवित्र अगमवक्ताहरूका अगमवाणी र तिमीहरूका प्रेरितहरूद्वारा दिइएको प्रभु र मुक्तिदाताको आज्ञालाई तिमीहरूले सम्झनुपर्छ। ३ सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्छ, कि पछिल्ला दिनहरूमा गिल्ला गर्नेहरू गिल्ला गर्दै, तिनीहरूका आफ्नै अभिलाषामा यसो भन्दै आउनेछन्, ४ "उहाँका आगमनको प्रतिज्ञा कहाँ गयो? किनकि पिता-पुर्खाहरू सुतिसकेका दिनदेखि नै सबै कुरा सृष्टिको सुरुदेखि चलिआएजस्तै आज पनि छँदैछ।" ५ जानी-बुझिकन पनि तिनीहरू यस कुराको वास्ता गर्दैनन्, कि परमेश्वरको वचनद्वारा स्वर्गहरू अघिदेखि नै थिए, र पृथ्वीचाहिँ पानीबाट र पानीद्वारा नै बनाइयो। ६ त्यही पानीबाट त्यस समयको संसार जलप्रलयमा डुबेर नष्ट भयो। ७ तर त्यही वचनले भक्तिहीन मानिसको इन्साफ र विनाशका दिनसम्मको लागि अहिलेको आकाश र पृथ्वी आगोको निम्ति साँचिराखिएका छन्। ८ तर प्रिय हो, यो एउटा कुरा नभुल, कि प्रभुको निम्ति एक दिन हजार वर्षझैं र हजार वर्ष एक

दिनझैं हुन्छ। ९ आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ। १० तर प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ, जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्त्वहरू आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन्। ११ यी सबै कुराहरू यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा तिमीहरू कस्ता किसिमका मानिस हुनुपर्छ? १२ तिमीहरू परमेश्वरको दिन प्रतीक्षा गर्दछौ, र त्यस दिनलाई नजिक ल्याउन चाहन्छौ, जुन दिन आकाशहरू जलेर भस्म हुनेछन्, र तत्त्वहरू आगोको रापमा पग्लनेछन्। १३ तर उहाँको प्रतिज्ञाबमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मिकताले वास गर्छ। १४ यसकारण प्रिय हो, तिमीहरू यी कुराको प्रतीक्षा गर्नेहरू भएका हुनाले, उहाँको दृष्टिमा तिमीहरू दाग वा खोट नभएकाहरू र शान्तिमा बस्नेहरू हुन प्रयत्न गर। १५ हाम्रा प्रभुको धैर्यलाई मुक्तिझैं ठान। हाम्रा प्रिय भाइ पावलले पनि उनलाई दिइएको बुद्धिअनुसार तिमीहरूलाई यही कुरा लेखे। १६ उनका सबै पत्रहरूमा पनि उनले यी कुराहरूको उल्लेख गरेका छन्। तिनमा कुनै-कुनै कुराहरू बुझ्न कठिन छन्, र अशिक्षित र चञ्चल मानिसहरूले यी कुराहरूलाई अरू धर्मशास्त्रहरूलाई जस्तै उल्टापाल्टा पार्छन्, र आफ्नै विनाश ल्याउँछन्। १७ यसकारण प्रिय हो, अघिबाटै यी कुरा जानेर होशियार रहो, दुष्ट मानिसहरूको भूल कुरामा अलमलिएर आफ्नो स्थिरता नगुमाओ। १८ तर हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दैजाओ। उहाँलाई अहिले र सदासर्वदा महिमा होस्। आमेन।"

**प्रत्येक व्यक्तिले आफ्नो पापबाट फर्केर परमेश्वरकहाँ आउन् भन्ने परमेश्वर चाहनुहुन्छ (२ पत्रुस ३:९)। यो निश्चय छ कि मानिसहरूलाई पश्चातापको आभास् दिलाएर परमेश्वरतिर ल्याउने काम पवित्र आत्माको हो जुन काम हामीले गर्न सक्दैनौं। तर मुक्तिको सन्देश लिएर मानिसहरूकहाँ पुग्ने जिम्मा परमेश्वरले हामीहरूलाई दिनुभएको छ। यदि पवित्र आत्माको आवाजलाई स्वीकारियो भने मानिसहरू पश्चाताप गरेर परमेश्वरतिर फर्कन सक्छन्।**

**हामी चर्चका सदस्यहरूलाई पनि पश्चातापको आत्माको आवश्यक छ। आत्मिक पुनर्जागरण र जीवनशैलीमा आमूल परिवर्तन गराउन पश्चातापले**

उल्लेखनीय भूमिका खेल्दछ्। आत्मिक पुनर्जागरणको अर्थ नयाँ जीवन पाएको अनुभुव गर्नु, झर्न लागिरहेको जीवनको नविकरण गर्नु र पुनर्स्थापना गर्नु हो। जीवनशैलीमा आमूल परिवर्तनको अर्थ नयाँ सृष्टिमा परिवर्तन हुनु हो (२ कोरन्थी ५:१७)। "हामीहरूको सबभन्दा अति महान् र महत्त्वपूर्ण आवश्यकता भनेको हामीहरूमा सही इस्वरियपना वा पवित्रताको पुनर्जागरण हो। यो स्थितिमा पुग्ने हामीहरूको पहिलो काम हुनुपर्छ।"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजज्,* बुक १, पृ. १२१बाट रूपान्तरित। जब हामीमा पुनर्जागरण हुन्छ र जीवनशैलीमा आमूल परिवर्तन वा सुधार हुन्छ तब येशूको आगमनको निम्ति कसरी पर्खिने भनेर बुझ्दछौं। मत्ती २५:१-१३मा १० कन्याको बारेमा अघिल्लो पाठमा उल्लेख गरिएको हामीले हेर्‍यौं। तिनीहरू निन्द्राबाट ब्युँझिनुपर्थ्यो (मत्ती २५:१-१३)। मूर्ख कन्याहरूले आफ्ना बत्तीहरूको निम्ति थप तेल लगेका थिएनन् अर्थात् तिनीहरूको जीवनमा पवित्र आत्माबाट बढि फाइदा उठाउन सकेका थिएनन्। हामीहरूको जीवनमा पवित्र आत्माद्वारा काम गर्न दिनको लागि हामी नम्र हुनुपर्छ, त्यागको भावनाले प्रेरित हुनुपर्छ, निस्वार्थपूर्वक प्रार्थना गर्नुपर्छ, नियमित रूपमा परमेश्वरको वचन पढ्नुपर्छ र वचन र काम मायालु तरिकाले अरूहरूलाई बाँड्न राजी हुनुपर्छ। जब उपरोक्त कामहरू गर्दछौं तब हामीहरूको जीवनमा पवित्र आत्माले झन बढि काम गर्न सक्छ र पछिल्लो वर्षाको शक्ति अर्थात् येशू आउनुभन्दा अघि पवित्र आत्मा विशेष गरि हामीमा खनिन सक्छ। घन्टौंसम्म बाइबल पढेर पनि हामी अझै स्वार्थी हुनसक्छौं। हामी आत्मिक पुनर्जागरण र पवित्र आत्माको पछिल्लो वर्षाको निम्ति प्रार्थना गर्न सक्छौं तर हामीहरू स्वार्थी भएर हाम्रो निम्तिमात्र चाहना गर्न सक्छौं।

आत्मिक पुनर्जागरणले अरूको निस्वार्थ भावनाले सेवा गर्न डोर्‍याउँछ। जब हामी पवित्र आत्माले भरिपूर हुन्छौं तब हामीमा आमूल परिवर्तन वा सुधार हुन्छ जसले गर्दा हामीहरू सुसमाचार सुनाउन लक्ष्यले अभिप्रेरित हुन्छौं र ख्रीष्टमा केन्द्रित चेला भएर अरूको सेवा गर्न पुग्छौं।

हामीहरूको प्रार्थना र बाइबल अध्ययनमा पुनर्जागरण र आमूल परिवर्तन ल्याउन आवश्यक छ। पवित्र आत्माको पछिल्लो वर्षा हामीमा खनिन प्रार्थना गर्नु जरुरी छ। तर चर्च भएको हैशियतले हामीहरूको मनस्थिति र तरिकाहरूहरूमा पुनर्जागरण र आमूल परिवर्तन ल्याउनुपर्छ। गरिब, अभावले ग्रस्त भएका र दुःख कष्टमा परेकाहरूको सेवा गर्न हामीमा आत्मिक पुनर्जागरण

**र जीवनशैलीमा आमूल परिवर्तन हुनु आवश्यक छ। ती विषयहरूमा नै यस अध्ययन पुस्तिका केन्द्रित भएको छ।**

येशूको दोस्रो आगमनप्रति हामी अल्छि नहुन र वेवास्ता नगर्न हामी कसरी सचेत हुने? जब वर्षहरू बित्दै जान्छ तब उहाँको आगमन छिट्टै हुँदैछ भन्ने आभास् हामीले सधैं कसरी जगाइ राख्ने?

## ३. जब हामी येशूको आगमनको निम्ति पर्खेर बस्छौं तब त्यसबेला चर्चको लक्ष्य के हुनुपर्छ? (याकूब २:१४-२६)

हामी को हौं र यस संसारमा हामी किन छौं भनेर याकूब २:१४-२३मा कसरी व्याख्या गरिएको छ? हेर्नुहोस्ः "१४ मेरा भाइ हो, यदि कोही मानिसले "मसित विश्वास छ" भन्छ, तर कामचाहिँ गर्दैन भने, यसबाट के लाभ? के त्यसको विश्वासले त्यसलाई बचाउन सक्छ र? १५ यदि कोही भाइ वा बहिनी झुत्रे-झाम्रे छ, र त्यसलाई दिनहुँको भोजनको अपुग छ, १६ र तिमीहरूमध्ये कसैले त्यसलाई, "शान्तिसँग जाऊ, न्यानो गरी बस, पेटभरि खाऊ" मात्र भन्छ, तर त्यसको शरीरलाई चाहिने कुराहरूचाहिँ दिँदैन भने, त्यसबाट के लाभ हुन्छ र? १७ यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो। १८ तर कसैले भन्ला, "तिमीसित विश्वास छ, मेराचाहिँ कामहरू छन्।" कामविनाको तिम्रो विश्वास मलाई देखाऊ, र मैले गरेको कामद्वारा म आफ्नो विश्वास तिमीलाई देखाउनेछु। १९ तिमीहरू विश्वास गर्दछौ कि परमेश्वर एउटै हुनुहुन्छ। त्यो असल हो। शैतानका दूतहरूले पनि विश्वास गर्छन् र थरथर काम्छन्। २० मूर्ख हो, कामविनाको विश्वास व्यर्थ हुन्छ भन्ने कुराको प्रमाण चाहन्छौ? २१ जब हाम्रा पुर्खा अब्राहामले आफ्नो छोरो इसहाकलाई वेदीमा अर्पण गरे, तब तिनी कामद्वारा नै धर्मी ठहरिएनन् र? २२ तिमी देख्तछौ, कि तिनका कामहरू सँगसँगै विश्वास क्रियाशील थियो, र कामद्वारा नै विश्वास पूर्ण भएको थियो। २३ पवित्रधर्मशास्त्रको यसो भन्ने वचन पूरा भयो, "अब्राहामले परमेश्वरमा विश्वास गरे, र यो उनको निम्ति धार्मिकता गनियो, र उनी परमेश्वरका मित्र कहलिए।" २४ तिमीहरू देख्तछौ कि कामद्वारा मानिस धर्मी ठहरिँदोरहेछ, विश्वासद्वारा मात्र होइन। २५ त्यसै गरी राहाब वेश्याले पनि, जब तिनले गुप्तचरहरूलाई सत्कार गरेर अर्कै बाटो पठाइदिइन्, तब कामहरूबाट तिनी धर्मी ठहरिएकी होइनन् र? २६ जसरी

शरीर आत्मादेखि अलग हुँदा मरेको हुन्छ, त्यसै गरी विश्वास पनि कामहरूदेखि अलग हुँदा मरेको हुन्छ।"

चेलाहरूले मन्दिरका भवनहरूको महिमा र तिनीहरूको सौन्दर्यतालाई औंल्याउँदै तीप्रति चेलाहरू मुग्ध भएका थिए भनेर यस पाठको सुरूमा हेऱ्यौं। तर येशूले तिनीहरूको ध्यान चर्चभित्र भएको त्यसको अवस्था र संसारको अन्तमा त्यसको भूमिकातिर औंल्याउनुहुन्छ। येशूलाई विश्वास गर्छु भनेर दावी गर्ने प्रत्येक विश्वासीलाई काम सुम्पिएको छ भनेर देखाउन चर्चलाई यस संसारमा रोपिएको हो।

सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको लक्ष्य के हो भनेर जनरल कन्फरेन्सले आफ्नो कार्यपत्रमा यसरी जनाएको छ "सबै थरिका मानिसहरूलाई चेला वा येशूको साथी बनाउन, सारा संसारलाई अनन्तको सुसमाचारको सन्देश सुनाउन (मत्ती २४:१४), तिन स्वर्गदूतहरूले दिएका सन्देशहरूको प्रचारप्रसार गर्न (प्रकाश १४:६-१२, येशू व्यक्तिगत मुक्तिदाता हुनुहुन्छ भनेर आभास् दिँदै अरूले उहाँलाई स्वीकार गराउन र अन्तिम समयको चर्चमा तिनीहरूलाई समावेश गराउन, प्रभु येशू तिनीहरूको प्रभु हुन् भनेर सिकाउँदै तिनीहरूलाई उहाँको सेवा गराउन र येशूको सिघ्र आगमनको निम्ति तयार भएर बस्न सेभेन्थ-डे एडभेन्टिस्ट चर्च स्थापना भएको हो" (रूपान्तरित)। सुसमाचार प्रचारप्रसार गर्दै, धर्मशास्त्र बाइबलका आत्मज्ञानहरू सिकाउँदै र चङ्गाइ गर्दै हामीहरूको लक्ष्यलाई अगाडि बढाउनुपर्छ। मानिसहरूलाई आरोग्य अर्थात् स्वस्थ बनाउने नितिको बारेमा अर्को कार्यपत्रले यसरी प्रस्तुत गर्दछः “मानिस पूर्णरूपमा अर्थात् मानसिक, शारीरिक र आत्मिकरूपमा स्वस्थ हुनुपर्छ भन्ने बाइबलको नितिलाई हामी पूर्ण समर्थन गर्दछौं। त्यसैलाई मध्यनजरमा राखेर मानिसको स्वास्थ्यलाई सुरक्षित गर्ने र बिरामीहरूलाई निको पार्ने कामहरू हामीहरूको कामको एक प्रमूख भाग रहेको सार्वजनिकरूपमा जनाउन चाहन्छौं। गरिब र निमुखा तथा आवश्यक परेकाहरूको सेवा गर्दा हामीले करुणामय सृष्टिकर्ता परमेश्वरको अभिप्रायलाई साथ दिएर अघि बढिरहेकाछौं भन्ने कुरामा हामी विश्वस्त छौं। भत्किरहेको मानव जीवनलाई पुनर्स्थापना गर्ने परमेश्वरको लक्ष्य नै हामीहरूको पनि लक्ष्य हो भनेर स्वीकार्दछौं" (रूपान्तरित)।

सबै मानिसहरूमा उहाँको स्वरुपको पुनर्स्थापना गर्ने येशूको चाहना हो भनेर यस पुस्तकको सुरूमा उल्लेख गरिएको छ। हामीहरू रहेको समाजका मानिसहरूको पूर्ण स्वास्थलाभ अर्थात् मानसिक, आत्मिक र

शारीरिकरूमा स्वस्थ बनाउन उहाँका अनुयायीहरूलाई परमेश्वरले शक्तिसम्पन्न गराउनुहुन्छ। "यस संसारमा आज पनि त्यही खाँचो छ जुन् २०० वर्ष अघि थियो, त्यो हो येशू ख्रीष्टको अनुकरणीय उदाहरण। आमूल परिवर्तनको महान् कामको खाँचो आज छ। र ख्रीष्टको अनुग्रहले मात्र मानिसहरूलाई स्वस्थ शारीरिक, मानसिक र आत्मिक पुनर्स्थापना गर्न सम्भव छ।"-एलेन जी ह्वाइट, द मिनिस्त्री अभ हिलिङ्ग, पृ. १४३बाट रूपान्तरित।

एक दिन येशूको अनुकरणीय उदाहरण र अन्तिम समयको चर्चले बोक्नुपर्ने उहाँको लक्ष्यको बारेमा कार्यशाला गोष्ठी भइरहेको बेलामा एक जना चर्चका सदस्यले यो भावना व्यक्त गरेः "हामीहरू रहेको देशमा नयाँ धारणा र नयाँ तरिकाहरूले काम गर्न सम्भव छैन। सेवाकार्यमा येशूको तरिकाको बारेमा यस गोष्ठीमा जुन् कुराहरू सुन्यौं त्यो कुनै नौलो होइन। त्यो पुरानै कुरा हो। तर हामीमा केवल बिर्सने बानीमात्र भएको हो।"

"काम बिनाको विश्वास मुर्दा विश्वास हो" भनेर याकूबले व्यक्त गरेको सन्दर्भमा तपाईंको विश्वास अर्थात् आस्था र कामसँग घनिष्ठ रहेको सत्यतालाई के तपाईंले भेट्टाउनुभएको छ? कुन् कुन् कामहरूले गर्दा तपाईंको विश्वास अर्थात् आस्थालाई अघि बढाउँछ?

## ४. जब हामी पर्खिंरहेका हुन्छौं त्यसबेला गरिने अन्तिम कटानी अर्थात् सुसमाचार प्रचारको कामको अन्त्यको तयारी (यूहन्ना ४:३५-३८)

यस अध्ययन पुस्तिकाको पाचौं अध्यायमा किसानीको भाषा प्रयोग गरेर येशूले सिकाउनुभएको हामीले हेर्‍यौं। खेतबारीमा गरिने काम केवल आकलझुकलमा गरिने काम होइन भनेर हामीले हेर्‍यौं। त्यो काममा सिपालु हुन हामीलाई धैर्यता चाहिन्छ। काम त त्यही हो तर प्रत्येक मौसममा विभिन्न कामहरू बिभिन्न मानिसहरूद्वारा सम्पन्न गरेको हुन्छ। सुसमाचार प्रचार गर्न तयार गर्नुपर्ने जमिनको निम्ति, बिऊ रोप्न र र त्यसको कटानी गर्न हामी परमेश्वर र पवित्र आत्माको अगुवाईको निम्ति हामीहरूको हृदय खुला राख्न आवश्यक छ।

फसलको समय वा बाली काट्ने मौसमको बारेमा येशूले यूहन्ना ४:३५-३८मा शब्द-चित्र प्रयोग गरि हामीलाई सिकाउन खोज्नुभएको छ। त्यसलाई पढेर अरूको निम्ति काम कसरी गर्नुपर्छ भनेर त्यसमा कस्तो सन्देश छ? हेर्नुहोस्ः "३४ येशूले तिनीहरूलाई भन्नुभयो, "मलाई पठाउनुहुनेको

इच्छाअनुसार गर्नु र उहाँको काम पूरा गर्नु नै मेरो भोजन हो। ३५ के तिमीहरू भन्दैनौ, "अझ चार महिना बाँकी छ, तब बाली काट्ने बेला आउँछ? " म तिमीहरूलाई भन्दछु, आफ्ना आँखा उचालेर खेतबारी हेर, बाली कटनीको निम्ति पाकिसकेको छ। ३६ जसले बाली काट्छ त्यसले ज्याला पाउँछ, र अनन्त जीवनको लागि फल बटुल्छ, र छर्ने र कटनी गर्ने एकसाथ रमाउँछन्। ३७ किनकि "एक जनाले छर्छ, र अर्काले कटनी गर्छ," भन्ने वचन यसैमा सत्य हुन्छ। ३८ मैले तिमीहरूलाई त्यहाँ कटनी गर्न पठाएँ, जहाँ तिमीहरूले परिश्रम गरेका छैनौं। अरूहरूले परिश्रम गरेका छन्, र तिनीहरूको परिश्रमका फल तिमीहरूले पाएका छौ।"

**हामीमा जतिसुकै बौद्धिक क्षमता भएतापनि हामी मानिसको हृदयको रचयिता परमेश्वर नभएको कारणले मानिसको हृदयलाई हामीले बुझ्न सक्दैनौं। मानिसहरूको हृदयमा पवित्र आत्माले कसरी काम गरिरहनुभएको छ सो हामीलाई थाहा छैन। हुनसक्छ हामीमा भएको पूर्वाग्रहले बिभिन्न मानिसहरूलाई हामीले हेर्ने दृष्टिकोण फरक हुनसक्छ र तिनीहरूले येशूलाई विश्वास गर्न र तिनीहरूले त्यसको फाइदा उठाउन धेरै समय लाग्न सक्छ भन्ने सोचाइमा हामी पर्न सक्छौं। तर तिनीहरू येशूको सन्देश सुन्न र उहाँलाई ग्रहण गर्न निर्णयमा पुग्न कसैको हौसला वा आह्वानको निम्ति पर्खेर बसेका हुन्छन्। प्रत्येक मानिसको हृदय र दिमाग उसको निम्ति युद्ध मैदान हो। क्षण क्षणमा निर्णयको निम्ति उसको हृदय र दिमागले संघर्ष गरिरहेको हुन्छ। मानिसहरूले परमेश्वरलाई ग्रहण गर्न हामीले सहयोग गरुन् भनेर उहाँले हामीलाई आह्वान गरिरहनुभएको छ।**

अरू मानिसहरूलाई सुसमाचार सुनाउने काममा संलघ्न हुन १ कोरन्थी ३:५-१५मा हामीलाई पावलले कस्तो निर्देशन दिएका छन्? हेर्नुहोस्: "५ अपोल्लोस को हो? पावल के हो? प्रभुले हरेकलाई खटाउनुभएअनुसार सेवकहरू मात्र हुन्, जसद्वारा तिमीहरूले विश्वास गर्‍यौ। ६ मैले रोपें, अपोल्लोसले पानी हाले, तर परमेश्वरले नै बढ़ाउनुभयो। ७ यसकारण रोप्ने केही होइन, न पानी हाल्ने केही हो, तर परमेश्वर मात्र, जसले वृद्धि दिनुहुन्छ। ८ रोप्ने र पानी हाल्ने एकै समान हुन्। हरेकले आफ्ना-आफ्नै मेहनतअनुसार आफ्नो ज्याला पाउनेछ। ९ किनकि हामी परमेश्वरका सहकर्मी हौं, तिमीहरूचाहिँ परमेश्वरका खेत हौ, परमेश्वरका भवन हौ। १० मलाई दिइएको परमेश्वरको अनुग्रहअनुसार, घर बनाउने निपुण कारीगरले जस्तै मैले

जग बसालें, र अर्काले त्यसमाथि घर बनाउँदैजान्छ। त्यसमाथि बनाउँदैजाने हरेक मानिसले कसरी बनाउँदैछ, सो ध्यान देओस्। ११ किनकि जुन जग बसालिसकिएको छ, जो येशू ख्रीष्ट हुनुहुन्छ, त्यसबाहेक कुनै मानिसले अर्को जग बसाल्न सक्दैन। १२ यदि कुनै मानिसले यस जगमाथि सुन, चाँदी, बहुमूल्य पत्थर, काठ, घाँस वा पराल प्रयोग गरेर घर बनायो भने, १३ प्रत्येक मानिसको काम प्रकट हुनेछ, किनकि न्यायको दिनले त्यो खुलस्त गरिदिनेछ। त्यो आगोद्वारा प्रकट हुनेछ, र हरेकले कस्तो काम गरेको छ, सो आगोले जाँच गर्नेछ। १४ यदि कुनै मानिसले त्यस जगमाथि बनाएको काम रहिरह्यो भने उसले इनाम पाउनेछ। १५ यदि कुनै मानिसको काम जलेर नष्ट भयो भने त्यसले नोक्सानी भोग्नुपर्नेछ, तर त्यो आफैचाहिँ आगोबाट उम्केझैं बाँच्नेछ।"

**येशूले जे भन्नुभयो त्यही विषयलाई पावलले आफ्नै शैलीमा दोहोऱ्याइरहेको हामी पाउँछौं। सुसमाचार फैलाउने काम किसानीको काम जस्तै हो। हामी सबैले एउटै काम गरिरहेको हुँदैनौं। तर हामीले जे गरेतापनि अरूलाई सुसमाचार सुनाउने कामको निम्ति हामी महत्त्वपूर्ण भाग खेलिरहेका हुन्छौं। हामीहरूको विभिन्न क्षमता अनुसार परमेश्वरले विभिन्न कामको निम्ति हामीहरूलाई प्रयोग गर्न दिनुपर्छ। तर को पक्का रूपमा आत्मपरिवर्तन भएको छ सो को ठेगाना लगाउने अन्तिम काम परमेश्वरको हो।**

**जुनसुकै तहमा हामी भएतापनि अरूहरूलाई सेवा गर्न परमेश्वरले हामीलाई प्रयोग गरिरहनुभएको छ भनेर कृतज्ञ हुन र नम्र हुन् हामी कसरी सिक्ने? परमेश्वरको निम्ति काम गर्नु हाम्रो निम्ति आदरणीय र अवसर हो भनेर कसरी महसुस गर्ने?**

## ५ जब पर्खाइ सिद्दिन्छ (प्रकाश २१:१-४)

**बाइबल दुई सहरको कहानी हो भनेर भन्न सकिन्छ। ती सहरहरू हुन् बेबीलोन र यरुशलेम।**

**प्रेरित यूहन्नाले बेबिलोनको बारेमा प्रकाश १४:८ र प्रकाश १८मा वर्णन गरिएको छ। बेबिलोन सैतानका मतियारहरूको घर भइरहेको थियो। उसका दुष्ट स्वर्गदूतहरू र दुष्ट आत्माहरूको थलो बेबिलोन भएको थियो। प्रत्येक राष्ट्रका मानिसहरूलाई आत्मिक व्यभिचारको अपराध गर्न त्यस सहर**

बेबिलोनले उक्साइरहेकी थिइन्। उनको अन्त्यको घोषणा गरिसकेको छ। उनको पतन भयो भनेर स्वर्गदूतले घोषणा गरिसकेको छ। परमेश्वरलाई त्याग्ने वा उहाँमाथिको विश्वास त्याग्ने, उहाँको बिद्रोह गर्न उक्साउने प्रतिकको रूपमा त्यस दुष्ट बेबिलोन सहर बाइबलले औंल्याएको छ। एक दिन त्यसमाथि बिजय हुनेछ र त्यसको नाश हुनेछ भनेर बाइबलले जिकिर गर्दछ।

तर नयाँ यरुशलेम सहर बेबिलोन सहरभन्दा फरक छ भनेर प्रकाश २१:१-४मा कसरी वर्णन गरिएको छ? हेर्नुहोस्: "१ तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त अब छँदैथिएन। २ अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें। ३ सिंहासनबाट यसो भन्ने एउटा चर्को स्वर मैले सुनें, "हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। ४ उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।"

दोस्रो सहर गौरवमय पवित्र सहर हो। यो नयाँ यरुशलेम सहरको वर्णन प्रकाश २१ र २२मा गरिएको छ। दुलहा येशूलाई चुन्ने दुलहीहरू वा उहाँका आस्थावानहरू त्यस सहरमा बस्नेछन्। सैतान र उसका मतियार वा अनुयायीहरूसँग लागेर स्वार्थी र आत्मिक व्यभिचारी हुन येशूका विश्वासीहरूले इन्कार गरेका हुन्छन्। परमेश्वरको अनुग्रहले उद्धार पाएकाहरूले उहाँका सबै आज्ञाहरू (दश आज्ञा) पालन गरेका हुन्छन् र तिनीहरूमा त्यही आस्था वा विश्वास थियो जुन् येशूमा थियो (प्रकाश १४:१२)। येशूको सेवाकार्यलाई स्वीकार गर्न इच्छुक भएकोले र तिनीहरूको धैर्यताले गर्दा यसै संसारमा तिनीहरूले स्वर्गको राज्यको स्वाद पाएका थिए। येशूमाथि पूर्ण आस्था राखेर तिनीहरूले उद्धार पाएका थिए। तिनीहरू स्वर्गमा रहन योग्य हुन उहाँको धार्मिकताले मात्र सक्षम् भएका थिए। येशूका निम्मभन्दा पनि निम्न वा नगन्य दाजुभाई तथा दिदीबहिनीहरूको सेवा गरेर (मत्ती २५:४) तिनीहरूमा मुक्ति पाएको आस्था छ भनेर ती येशूभक्तहरूको जीवनले देखाएका थिए।

थुमाको रगतद्वार*f* (प्रकाश ५) करुणामय तरिकाले मानिसहरूलाई पुनर्स्थापना गर्ने भूमिका चर्चले खेल्दा स्वर्गमा आनन्दको उत्सब मनाइएको हुन्छ

(प्रकाश ५:१३,१४)। त्यस सुःखी र पवित्र सहरका प्रत्येक मानिसको आँखाबाट परमेश्वरले आँशुहरू पुछ्नुहुनेछ। त्यहाँ मृत्यु हुनेछैन, शोक र दुःखकष्ट हुनेछैन न त कुनै रूनुनै पर्नेछ। त्यहाँ कुनै किसिमको पिडा तथा दुखाई हुनेछैन किनभने विगतका स्थितिहरू सदाको निम्ति बितिजानेछन् (प्रकाश २१:४ रूपान्तरित)। सही वा पक्का शान्तिको पुनर्स्थापना हुनेछ। आत्मिक, बौद्धिक, आत्मिक र भौतिक रूपमा मुक्ति पाएकाहरू परमेश्वरको स्वरुपमा पूर्णरूपले पुनर्स्थापना हुनेछ। त्यस बखत येशू र सैतानको बीचको महान बैचारिक युद्धको समाप्त हुनेछ। अनि "सुक्ष्म अणुदेखि संसारका महान् बस्तु वा सबै थोकले आआफ्नो पूर्ण सौन्दर्यता र सिद्ध आनन्द देखाउँदै परमेश्वरको प्रेमको घोषणा गर्नेछ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६७८बाट रूपान्तरित।

यस संसारका सबै विश्वासीहरूको निम्ति बाइबलको अन्तिम पुस्तक प्रकाशको २२:२१मा अत्यन्त जरुरी सन्देश दिएको छ। त्यो के हो हेर्नुहोस्ः "२१ प्रभु येशूको अनुग्रह सबै सन्तहरूसँग रहोस्। आमेन।"

## उपसंहारः

थप जानकारीः येशूले आफ्नो आगमनभन्दा पहिले अनेकन् घट्नाहरू हुनेछ भनेर भविष्यवाणी गर्नुभएको छ। संसारको अन्तमा हुने ती घट्ना वा चिन्हहरू रोचक तथा रमाइला छैनन्। लडाईंहरू, युद्धका हल्लाहरू र अनेकौं रोगव्याधी तथा मानिसहरूको हृदयलाई आतङ्कित बनाउने घट्नाहरूले संसारका छापाहरू भरिरहेका छन्। दुष्ट काम गर्न परमेश्वरलाई विश्वास नगर्ने बहाना छ भने अहिले त्यस्ता बहानाहरू धेरै छन्। जस संसारको अन्तको घडि नजिकिँदै हुन्छ तब झन झन बढि बहानाहरू हुनेछ। त्यस परिप्रेक्ष्यमा परमेश्वरका जनहरू भनेर दावी गर्नेहरूले परमेश्वरको स्वभाव यस संसारमा देखाउन झन अपरिहार्य भएको हुन्छ ताकि परमेश्वर कस्तो हुनुहुन्छ भनेर मानिसहरूले
अरू मानिसहरूलाई सुसमाचार सुनाउन र सेवा गर्ने भावनाले उत्प्रेरित हुन त्यस उद्गार अत्यन्त सरल र शक्तिशाली छन्। जब हामी येशूको आगमनको प्रतिक्षामा बसिरहँछौं उहाँका चर्चका सदस्यहरूले सुसमाचार प्रचारमात्र होइन त्यसै अनुसार पूर्णरूपमा जिउन उहाँले अपेक्षा गर्नुहुन्छ। हामी र हामीसँग भएको सबै थोक उहाँको कामको निम्ति लगानी गरोस् भन्ने उहाँ अपेक्षा गर्नुहुन्छ। हामी मानिसहरूलाई प्रेम अर्थात् माया गर्नुपर्छ। सबैलाई ममता देखाउनुपर्छ,

**पूर्वाग्रहलाई छोडेर आदर गर्नुपर्छ र तिनीहरूको स्याहार गर्नुपर्छ। पवित्र आत्माले पूर्णरूपमा हामीहरूको जीवनमा काम गरोस् भनेर हामीहरूको मन वा चेतनालाई सधैं खुला राख्नुपर्छ। यदि येशूनिति अनुसार मानिसहरू चल्न सफल भयो भने तिनीहरूको बिरुद्धमा कसैले पनि हराउन सक्दैन।**

**चिन्तनमनन:**

अ. बेबिलोनमा रहनु र यरुशलेममा रहनुको बीचमा के भिन्नता छ? ती दुई सहरहरूको बीचमा के ठूलो भिन्नता छ? अर्थात् त्यसको अर्थ भौतिक सहरमा पाइने भिन्नता हो की मानिसहरूको जीवनमा पाइने भिन्नता हो?

आ. येशूभक्त भनेर दावी गर्नेहरूले सोध्नु पर्ने प्रश्न यो होइन कि "येशूलाई विश्वास गर्दा काम वा कर्मले के भूमिका खेल्छ?" नभएर "यदि हामीले काम गरेर मुक्ति पाउँदैनौं भने इसाई आस्थामा कामको औचित्य के छ?" भनेर सोधिनुपर्छ। अरूहरूको आवश्यकतामा सेवा गर्न र सुसमाचार प्रचार गर्न त्यस प्रश्नको जवाफले कस्तो भूमिका खेल्छ?

इ. येशू ख्रीष्टको दोस्रो आगमनको निम्ति हामीहरू कसरी पर्खेर बसिरहेकाछौं? अर्थात् हामीहरूको जीवनलाई हामीले के गरिरहेकाछौं जसले गर्दा उहाँको आगमन पक्का र साँच्चिकै छ भनेर देखाइरहेको छ? हामी येशूलाई विश्वास गर्नेहरू उहाँको विश्वास नगर्नेहरूसँग रहँदा हामीहरूको आचरण तिनीहरूको भन्दा पवित्र आत्माको शक्तिले कसरी फरक देखाउने?